**आदरणीय अभिभावकज्यू,**

२०७७ सालको बिजया दशमी, शुभ: दीपावली, नेपाल सम्बत ११४१ तथा छठ पर्वको पावन अवसरमा अभिभावकज्यूहरू तथा विद्‌यार्थी भाइबैनीहरूमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोतर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना ब्यक्त गर्दछौँ। विश्वब्यापी रूपमा फैलिरहेको कोरोनाको महामारीबाट चाँडै नै मुक्त हुन सकियोस् भन्ने कामना पनि गर्दछौँ।

आजबाट यहाँका नानीबाबुहरूको दोस्रो मूल्याङ्कन परीक्षा (**Second Assessment Test)** पनि सम्पन्न भएको कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छौँ। यही मिति २०७७ साल कार्तिक २ गते आइतबारदेखि कार्तिक १४ गते शुक्रबारसम्म बडादशैँका अवसरमा सम्पूर्ण अनलाइन कक्षाहरू स्थगित गरिएको कुरा पनि अवगत गराउन चाहन्छौँ। यही कार्तिक १६ गते आइतबारदेखि अनलाइन कक्षाहरू साबिककै समय तालिका अनुसार सञ्चालन हुने कुरा पनि जानकारी गराउन चाहन्छौँ।

दशैंको बिदालाई सदुपयोग गर्न यहाँका नानीबाबुको लागि दशैँ गृहकार्य विद्‌यालयको वेबसाइटमा उपलब्ध गराइएको कुरा पनि अवगत गराउन चाहन्छौँ। दिइएको गृहकार्य गर्न लगाई कार्तिक १६ आइतबार अगावै सम्बन्धित विषयको गूगल क्लासरूममा पोस्ट गर्न लगाउनुहुन वा पोस्ट गरिदिनुहुन पनि हार्दिक अनुरोध गर्न चाहन्छौँ। धन्यवाद।

**विद्‌यालय प्रशासन** **२०७७ साल आश्विन ३० गते शुक्रबार**
**रिभेरा इन्टरनेसनल एकेडेमी**